नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम
कार्यक्रम समन्वय इकाई
सिंहदरबार, काठमाडौं

पत्र संख्या २०८०/८१
च.नं. ३०५

मिति : २०८१/१/२५

श्री जिल्ला समन्वय समितिको कार्यालय सबै- कोशी प्रदेश , मधेश प्रदेश ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, मकवानपुर, काभ्रेपलाञ्चोक, रामेछाप र सिन्धुली, बागमती प्रदेश ।

**विषयः जि.स.स. को वेबसाईट तथा अनुगमन प्रणालीबारे प्राविधिक अनुशिक्षण सम्बन्धमा ।**

प्रस्तुत विषयमा मिति २०८०/१२/१९ को पत्र (च.नं. २७८) मार्फत जानकारी भए अनुसार यस कार्यक्रमको प्राविधिक सहयोगमा सबै जिल्ला समन्वय समिति (जि.स.स.) को एकरूपता सहितको नयाँ वेबसाइट तयार गरी सञ्चालनको चरणमा रहेको र नगरपालिका/गाँउपालिकाहरूका लागि समेत नयाँ वेबसाईट तयार भई परिक्षणको चरणमा रहेको साथै **"स्थानीय तहको प्रगति समीक्षा तथा जि.स.स. को अनुगमन"** कार्यको सहजताका लागि समेत प्रणाली निर्माण भई सञ्चालनको रहेको व्यहोरा विदितै छ ।

यसै सन्दर्भमा जि.स.स. को उक्त वेबसाईट र प्रणालीको सहज सञ्चालनका लागि तपसिल बमोजिम प्राविधिक अनुशिक्षण कार्यक्रम सञ्चालन गर्न लागिएको हुँदा प्रत्येक जि.स.स.बाट २ जना (सूचना प्रविधि र सम्बन्धित विषयसँग जिम्मेवार कर्मचारी) लाई प्रशिक्षण कार्यक्रममा सहभागिताको व्यवस्था मिलाईदिनुहुन अनुरोध छ।

**तपसिलः**
मितिः २०८१ बैशाख ३१, जेष्ठ १ र २ (२ गते दिउँसो खाना पश्चात बिदाई हुने)
स्थानः धुलिखेल, काभ्रेपलाञ्चोक *(होटल सारथी)*
समयः विहान ८ बजे देखि
सम्पर्क व्यक्तिः रन्जु के.सी., कम्प्युटर अपरेटर (मोबाईल नं. 9841515731)

पुनश्चः
१) जि.स.स.मा सूचना प्रविधिसँग सम्बन्धित कर्मचारी नभएको खण्डमा नजिक नगरपालिका/गाँउपालिकासँग समन्वय गरी तहाँ कार्यरत सूचना प्रविधि अधिकृत सहभागी हुन सक्ने ।
२) सहभागीले आफ्नो साथमा ल्यापटप र प्रविष्टीका लागि संलग्न दस्तावेज अनुसार सामग्री अनिवार्य रूपमा ल्याउनुपर्ने ।
३) सहभागीको दैनिक तथा भ्रमण खर्च सम्बन्धित कार्यालयबाटै व्यवस्था गर्नुहुन अनुरोध छ ।

२०८१/०१/२५
(गोकर्ण प्रसाद उपाध्याय)
राष्ट्रिय कार्यक्रम व्यवस्थापक

**बोधार्थः**
श्री प्रदेश कार्यक्रम कार्यान्वयन इकाई (PPIU),
श्री प्रदेश सुशासन केन्द्र (PCGG)/ प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान/ प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्रः
- *आवश्यक समन्वय, सहजीकरण र सहभागिताको व्यवस्था मिलाई दिनुहुन ।*

फोन ४२५७३८९, ४२५७३६३,४२५७५९६, फ्याक्स नं.: ९७७-०१-४२५६२४८, वेब साइट : www.plgsp.gov.np
इमेलः mail@plgsp.gov.np